# कक्षाकोठा व्यवस्थापनमा प्रधानाध्यापकको सहजीकरण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह एम एड दोस्रो वर्षको ५९८ को आवश्यकता पुरा गर्नका लागि प्रस्तुत शोधपत्र


शोधार्थी

राजेन्द्र कुमार राई

स्नातकोत्तर तह

परीक्षा रोल्न : २२६००१०/२०७२

त्रि.वि.द.न. :६-१-२२६-१३६-९९


ओखलढुंगा क्याम्पस, ओखलढुंगा

२०७५

# कृतज्ञता

यो शोधपत्र शिक्षाशास्त्र संकाय शौक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नात्तकोतर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि तयार  गरिएको हो । यो शोधपत्र तयार गर्न छनौटमा परेका संस्थागत विद्यालयमा प्रत्यक्ष उपस्थित भई कक्षाकोठा व्यवस्थापनमा प्रधानाध्यापकको सहजिकरण प्रस्ट्याउन  सक्दो प्रयास गरिएको छ ।

यो शोधकार्यलाई सफल बनाउनका लागि आफ्नो व्यस्तताको बाबजुद शोधपत्रको शुरुदेखि अन्त्यसम्म पनि निरन्तर सहयोग, निर्देशन र प्रेरणा प्रदान गर्नुहुने श्री ओखलढुंगा क्याम्पसका क्याम्पस प्रमुख श्री नारायण बहादुर सैंजुज्यूप्रति हार्दिक कृतज्ञात ज्ञापन गर्दछु ।

यसैगरी श्री ओखलढुंगा क्याम्पसमा शिक्षा पाठ्यक्रम विषयमा अध्यापनरत सम्पूर्ण गुरुहरूले यस शोध अध्ययनका लागि अमूल्य सल्लह र सुझब प्रदान गर्नु भएकोमा उहाँहरू प्रति पनि हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस शोध कार्यका लागि तथ्याङ्क र सूचनाहरू उपलब्ध गराइ सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, विद्यार्थी, कर्मचारीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । जसको सहयोग विना यो कार्य सम्भव थिएन । साथै मेरो अध्ययन र शोधकार्यमा मार्ग निर्देशन प्रदान गर्ने शोध निर्देशक श्री तोयानाथ काफ्लेज्यूप्रति हृदय देखी नै आभार प्रकट गर्दछु ।

अन्त्यमा कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने मेरा श्रीमती धनकुमारी राईज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । यो शोधपत्र यस विषयसँग सम्बन्धित सबै व्यक्तिहरूको लागि उपयोगी हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

राजेन्द्र कुमार राई

# शोध सार

कक्षाकोठा व्यवसथापनमा प्र.अ.को सहजीकरण शीर्षकमा गरिएको यस अनुसन्धानात्मक कार्यको प्रमुख उद्देश्य कक्षाकोठा व्यवस्थापनमा प्र.अ.को सहजीकरणको अवस्था पहिचान गर्नु रहेकोछ ।

यस शोधपत्रमा गुणात्मक तथा संख्यात्मक अध्ययन विधि अपनाइएको छ । वास्तविकताको गहिराईमा पुगी यथार्थता पत्तालगाउन यस अध्ययन सँग सम्बन्धित उद्देश्य निर्माण गरिएकोछ । अध्ययनको उद्देश्य पुरागर्न संयोगमा आधारित नमुना छनौट विधिको प्रयोग गरी नमूना छनौट गरेर सम्बन्धित स्थलमा प्रत्यक्ष अवलोकन, रुजुसूची तथा प्रश्नावलीका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएकोछ । प्रश्नावली र रुजुसूचीबाट प्राप्त तथ्याङ्कलाई अवलोकन र अभिलेख सँग भिडाई एक अर्कामा सम्बन्ध कायम गरिएकोछ । कक्षाकोठा व्यवस्थापनमा प्र.अ.ले सहजकर्ताको रुपमा मूख्यगरी विद्यालयको भौतिक पक्ष र शैक्षिक पक्षको सुधारमा गरेका कार्यहरु समेटने प्रयास गरिएकोछ ।

प्रस्तुत अध्ययनमा कक्षाकोठा व्यवस्थापनमा प्र.अ. सहजकर्ताको रुपमा कार्य गर्न सफल भएको देखिन्छ । यसको कारण निजि लगानी र त्यसको प्रतिफलको आशा स्वरुप प्र.अ. लगायत वि.व्य.स. , शिक्षक स्टाफको सामुहिक प्रयासलाई मान्न सकिन्छ । शिक्षक तथा विद्यार्थीलाई नियमित तथा अनुशासित बनाई योजना निर्माण र कार्यान्वयनमा सरिक गराई पृष्टपोषण गर्ने कार्यबाट पनि कक्षाकोठाको व्यवस्थापन गर्न सफल भएको देखिन्छ । विद्यालयको भौतिक पक्ष भने आर्थिक अभावका कारण सामान्य मात्र देखिन्छ ।

आर्थिक लगानीमा वृद्धिगर्ने, कार्य विकेन्द्रीकरण गरी स.प्र.अ.लाई पनि जिम्मेवारी दिने, शिक्षक तथा विद्यार्थीको अवलोकन गरी पृष्टपोषण र परामर्श उपलब्ध गराउदा आन्तरीक मूल्याङ्कन पद्धति र अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थी मूल्याङ्कनमा सहयोग पुग्दछ भन्ने अध्ययनबाट निष्कर्ष निकालिएकोछ ।

आर्थिक लगानीमा वृद्धि गरी, मानव संसाधनको विकास गरी, कार्य विकेन्द्रीकरण र सहभागीतामूलक व्यवस्थापनमा जोड दिँदा कक्षाकोठाको व्यवस्थापनमा सुधार ल्याउन सकिन्छ भनी यस शोध अध्ययनले सिफारिस गरेको छ ।

# विषय सूची


शीर्षक

सिफरिस-पत्र

स्वीकृति-पत्र

कृतज्ञता ज्ञापन

शोध सार

विषय सूची


## परिच्छेद एक : परिचय


| | |
|---|---|
| पृष्टभूमि | १ |
| समस्याको कथन | ४ |
| अध्ययनको औचित्य | ४ |
| अध्ययनको उद्देश्य | ५ |
| अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| अध्ययनको परिसिमा | ५ |
| सम्बन्धित शव्दावलीको परिभाषा | ५-६ |


## परिच्छेदः दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


| | |
|---|---|
| साहित्यको पुनरावलोकन | ७ |
| अध्ययनको सैद्धान्तिक ढाँचा | १० |
| पुनरावलोकनको उपादेयता | १२ |


## परिच्छेद तीन : अध्ययन विधि


| | |
|---|---|
| अनुसन्धानात्मक ढाँचा | १३ |
| जनसंख्या | १३ |
| नमूनाको आकार र छनौट प्रकृया | १३ |
| नमूना छनौटको आधार | १३ |
| अनुसन्धानात्मक साधन | १४ |
| तथ्याङ्कका श्रोतहरु | १४ |
| तथ्याङ्क संकलन प्रकृया | १४ |
| तथ्याङ्कको विश्लेषण प्रकृया | १५ |

## परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण


संस्थागत विद्यालयको कक्षाकोठा व्यवस्थापन १६

कक्षाकोठा व्यवस्थान स्थिति १६

फर्निचरको अवस्था १७

शैक्षिक सामग्रीको व्यवस्थापन १८

लेख्नेपाटीको व्यवस्था १८

पाठ्यपुस्तकको सुरक्षा १९

बसाईको व्यवस्था १९

शैक्षिक अनुशासन व्यवस्थापन २०

कक्षाकोठा व्यवस्थापनमा प्र.अ.को सहजिकरण २१

योजना निर्माण र कार्यान्वयन २२

कक्षा संचालन शिक्षक उपस्थिति र वैकल्पिक व्यवस्था २४

समस्यामूलक र कमजोर विद्यार्थीका लागि व्यवस्था २४

कक्षा अवलोकन र निरिक्षण २५

शिक्षकको कार्य सम्पादन मूल्याङ्कन २७

विद्यार्थी मूल्याङ्कन २८

विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरु ३०

कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी बनाउने सुझाव ३१


## परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझाव


प्राप्ति ३३

निष्कर्ष ३४

सुझावहरु ३५

सन्दर्भसूची ३८

अनुसूचीहरु ३९